बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

पत्र संख्या: २०७८/०७९

मिति: २०७९/०५/२१

**शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण संस्था नवीकरण सम्बन्धमा अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०७९ बमोजिम देहाय अनुसारको व्यवस्था भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

१. शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण निर्देशिका, २०७९ बागमती प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको वेवसाइट (http://www.mosd.bagamati.gov.np) मा प्रकाशन भएको छ ।

२. निर्देशकाको दफा ४ को उपदफा (२) बमोजिम अनुमति पत्रको अवधि एक आ.व. हुने, आर्थिक वर्ष समाप्त भएको मितिले ९०(नब्वे) दिन भित्र नवीकरण गर्नुपर्ने, सो अवधि भित्र नवीकरण गर्न नसकेमा सोही दफाको उपदफा(३) बमोजिम थप दस्तुर लिइ नवीकरण गर्न सक्ने व्यवस्था रहेकोले आ.व. २०७९/०८० का लागि नवीकरण गर्न तथा आ.व. २०७७/०७८ र २०७८/०७९ को नवीकरण छुट भएको शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण केन्द्रहरुले प्रदेश आर्थिक ऐन २०७९ को अनुसूचि ८ बमोजिम दस्तुर बुझाई तोकिएको समयावधि भित्र नवीकरणका लागि निवेदन दिनुहुन अनुरोध छ ।

३. निर्देशिका बमोजिम नवीकरणका लागि आवेदन दिदा देहाय अनुसारको प्रमाणित कागजात र नवीकरण दस्तुर बुझाएको भौचर पेश भएको हुनुपर्नेछ ।

क. आ. व. २०७८/०७९ मा अनुमति पाएका वा नवीकरण भई २०७९/०८० लागि नवीकरणका लागि आवेदन साथ बुझाउनु पर्ने कागजातहरु:-

१. नवीकरण गरीपाउँ भन्ने व्यहोराको निवेदन
२. नवीकरण दस्तुर दाखिला गरेको भौचर
३. गत आ.व. को प्रगति विवरण
४. संस्था दर्ता/नवीकरण भएको प्रमाण पत्र
५. गत आर्थिक वर्षको लेखा परिक्षण प्रतिवेदन
६. संस्थाले प्रदान गर्ने सेवा, कार्यप्रक्रिया र लागतको विवरण
७. कम्पनी अद्यावधिक भएको प्रमाणपत्र
८. गत आर्थिक वर्षमा सेवा परामर्श उपलब्ध गराए बापत संस्थाले प्राप्त गरेको शुल्कको विस्तृत विवरण
९. कर चुक्ता प्रमाण पत्र
१०. संस्थामा कार्यरत मानव संसाधनसम्बन्धी विवरण खुलेको पत्र
११. कम्तिमा २ वर्षसम्मको लागि घरभाडामा लिएको सम्झौता पत्रको प्रतिलिपि

CamScanner

बागमती प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
हेटौंडा, नेपाल

१२. दुईवटा विदेशी कलेज तथा विश्वविद्यालयसंगको आधिकारिक प्रतिनिधि भएको प्रमाण/सम्झौता पत्र (शैक्षिक परामर्श सेवाका लागि)

१३. दफा ५ को उपदफा (२) १ को (ग) (घ) र (ङ) बमोजिमको स्वघोषणा

ख. पछिल्ला दुई वर्ष वा तीनै वर्षको नवीकरणका लागि आवेदन दिनेको हकमा थप देहाय अनुसारका प्रमाणित कागजात सलग्न गर्नुपर्ने छ ।

| | |
|---|---|
| १ | कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपी |
| २ | फर्म वा कम्पनीको स्वीकृत प्रबन्धपत्र तथा नियामावलीको प्रतिपिलिपी- |
| ३ | सञ्चालकहरुको नागरिकताको प्रतिलिपी |
| | **शैक्षिक परामर्श सेवा (जना अनिवार्य २ ) (शैक्षिक परामर्श अनुमति प्राप्प भएको संस्थाले मात्र बुझाउनु पर्न)** |
| ४ | परामर्शकर्ताहरुको स्नातक वा माथिल्लो तह उत्तीर्ण गरिको ट्रान्सक्रिप्ट |
| ५ | नागरिकताको प्रतिलिपी |
| ६ | नियुक्ति पत्रको प्रतिलिपी with Acceptance Letter |
| ७ | आधिकारिक संस्थाबाट परामर्श सम्वन्धित तालिम लिएको प्रमाणपत्रको प्रतिलिपी )TITI) |
| ८ | ती University / College हरुको Profile |
| | **पूर्व तयारी कक्षा (IELTS,PTE.............) अनुमति पत्र प्रासले मात्र बुझाउनु पर्ने** |
| ९ | प्रशिक्षकको स्नातक वा माथिल्लो तह उत्तीर्ण गरेको ट्रान्सक्रिप्ट |
| १० | नागरिकताको प्रतिलिपी |
| ११ | प्रशिक्षकको नियुक्ति पत्रको प्रतिलिपी With Acceptance Letter |
| १२ | सम्वन्धित विषयमा कम्तीमा ७५% प्राप्त गरेको प्रमाणपत्रको प्रतिलिपी |
| | **भाषा शिक्षण (English, Japanese, Korean....................) अनुमति प्रासले मात्र बुझाउनु पर्ने** |
| १३ | प्रशिक्षकहरुको योग्यता खुलेको स्नातक तहको प्रमाणपत्रको प्रतिलिपी भाषा प्रशिक्षणको लागि सम्वन्धित भाषामा |
| १४ | नागरिकताको प्रतिलिपी |
| १५ | प्रशिक्षकहरुको नियुक्ति पत्रको प्रतिलिपी With Acceptance Letter |
| १६ | अधिकारिक संस्थाबाट कम्तीमा एक वर्षको तालिम वा डिप्लोमा गरेको प्रमाणपत्रको प्रतिलिपी N2 Level |

ग. <u>आवेदन साथ बुझाउनु पर्ने दस्तुर विवरण:-</u> निर्देशिकाको दफा ४ को उपदफा (३) तथा प्रदेश आर्थिक ऐन, २०७९ को अनुसूचि ८ बमोजिम

| सि नं | विवरण | आ व शुरु भएको ९० दिन भित्र आवेदन भएमा | आ व शुरु भएको ९० दिन पछि सोही आ व को असार मसान्तसम्म |
|---|---|---|---|
| १ | आ.व. २०७८/०७९ मा अनुमति प्राप्त वा नवीकरण भएमा | रु. ५०००/- | रु. १००००/- |
| २ | आ.व.२०७७/०७८ मा अनुमति प्राप्त वा नवीकरण भइ आ.व.२०७८/०७९ नवीकरण नभएमा | रु. १५०००/- +५०००/- =२००००/- | रु. १५०००/- +१००००/- =२५०००/- |
| ३ | आ.व.२०७६/०७७ मा अनुमति प्राप्त वा नवीकरण भइ आ.व.२०७७/०७८ र २०७७/०७८ नवीकरण नभएमा | रु. ३००००/- +५०००/- =३५०००/- | रु. ३००००/- +१००००/- =४००००/- |

घ. निर्देशिकाको दफा ६ (१)झ बमोजिम लगातार ३ वर्ष सम्म नवीकरण नगराएका संस्थाको अनुमतिपत्र स्वत रद्ध हुने व्यवस्था रहेकोले आ व २०७६।०७७ देखि नवीकरण छुट भएका संस्थाको अनुमती पत्र स्वत रद्ध भएको छ ।

ङ. निर्देशिकाको दफा ४. (४)को उपदफा (२) बमोजिम आवेदनका साथ पेश भएका कागजातको आधिकारिकता प्रमाणित गर्ने जिम्मेवारी सम्वन्धित सस्थाको हुनेछ ।

च. आवेदन साथ पेश हुने सम्पूर्ण कागजातहरु नोटरी पब्लिकवाट प्रमाणित भएको हुनुपर्नेछ ।

०७९।५।२९

CamScanner